नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)**

आयोजना व्यवस्थापन कार्यालय

इटहरी, सुनसरी

## आपूर्ति श्रृंखला विकासमा सहकार्यका लागि इच्छुक **उत्पादक समूह, सहकारी, निजी प्राविधिक सेवा प्रदायक** तथा **व्यापारी, कृषि व्यवसायी एवम् प्रशोधनकर्ताहरू**बाट समृद्धि कोष (SAMRIDDHI FUND) अन्तर्गत पूरक अनुदान (Matching Grant) का लागि **प्रस्तावना आह्वान**

**प्रथम पटक प्रकाशन मिति : २०७६।११।१४**

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना, 'समृद्धि' (Rural Enterprises & Remittances Project-'SAMRIDDHI') कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को ऋण तथा अनुदान सहयोगमा नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा सञ्चालित आयोजना हो । नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) अन्तर्गतको कृषि उद्यम केन्द्र (AEC) र हेल्भेटास नेपाल यस आयोजनाका प्रमुख कार्यान्वयन साझेदारका रूपमा रहेका छन् । यस आयोजनाले प्रदेश नं. १, २ र ३ को कोशी-सगरमाथा र जनकपुर सडक खण्ड अन्तर्गतका १६ जिल्लाभित्रका सूचीकृत उत्पादन क्लस्टर/पकेट क्षेत्रहरूमा बजार मागमा आधारित कृषिजन्य आपूर्ति श्रृंखलाको विकास तथा स्तरोन्नतिको लागि कार्य गरिरहेको छ । सोही अनुरूप आयोजनाको प्राथमिकतामा परेका वस्तुहरू **माछा, सुगन्धित तेल, दुध, हरियो तरकारी र खसी बोका** (Fish, MAPs, Milk, Green Vegetables and Goat ) को आपूर्ति श्रृंखला विकासका लागि उत्पादन तथा उत्पादन-उपरान्त संकलन, भण्डारण, प्रशोधन र बजार प्रवर्द्धन सम्बन्धी कार्य गर्न ईच्छुक कृषक समूह, सहकारीहरू, सेवा प्रदायक र व्यापारी तथा कृषि व्यवसायीहरूसंग सह लगानी गर्न **समृद्धि कोष** (SAMRIDDHI FUND) को व्यवस्था गरिएको छ । उक्त समृद्धि कोष मार्फत आयोजनाले निर्दिष्ट गरेका उत्पादन पकेट क्षेत्रहरूमा देहायका वस्तुहरूको आपुर्ति श्रृंखला प्रवर्द्धनका लागि सहलगानी गर्न ईच्छुक आवेदकहरूबाट आयोजनाले निर्दिष्ट गरेको ढाँचामा आशय-पत्र पेश गर्न आह्वान गरिन्छ ।

**क) आशय-पत्रका लागि वर्गीकृत Window हरू :**

| क. सं. | क्षेत्रहरू | Window -1: उत्पादक समूह/सहकारीहरूका लागि | Window -SP : निजी प्राविधिक सेवा प्रदायकहरूको लागि | Window -2: साना तथा मझौला कृषि व्यवसायीहरूका लागि | Window 3: ठूला कृषि व्यवसायीहरू वा कम्पनीहरूका लागि *(सुगन्धित तेल/जडिबुटी आपुर्ति श्रृंखलाको लागि मात्र)* |
|---|---|---|---|---|---|
| १ | लगानीका क्षेत्रहरू | उत्पादन, उत्पादकत्वमा वृद्धि, उन्नत प्रविधि एवं औजार र क्षमता विकाससंग सम्बन्धित योजनाहरू । | प्राविधिक सेवा प्रवाह एवम् विक्री प्रवर्द्धनका लागि आवश्यक प्रविधि, औजार उपकरण आदि। | उत्पादन-उपरान्त (Post-harvest) का कार्यहरू जस्तै: संकलन, भण्डारण, प्रशोधन र व्यापार प्रवर्द्धन/बजारीकरण तथा गुणस्तर वृद्धि-सहयोगी कार्यहरू । | |
| २ | आवेदकको न्यूनतम योग्यता | क) आयोजनाको वेभसाइटमा समावेश ToR को तालिका-५ मा उल्लेखित क्लस्टर/पकेट क्षेत्रभित्रका समूह सहकारी; ख) कम्तिमा २५जना साना किसान आवद्ध रहेको समूह वा सहकारी; ग) उप-आयोजना कार्यान्वयन र सह-लगानी सम्बन्धी समूह वा सहकारीको निर्णय; घ) समूह सदस्यहरूमा ५० % महिला, ६० % युवा (४० वर्ष मुनिका) र ६० % आप्रवासनसहितको समावेसी विवरण भएकोलाई विशेष प्राथमिकता । | क) प्रस्तावित सेवा क्षेत्रसंग सम्वन्धित योग्यता र सीप प्रमाणित हुने प्रमाण-पत्र वा सम्वन्धित क्षेत्रमा कार्यगरेको प्रमाणित कागजात । | क) औपचारिक रूपमा दर्ता भई समान प्रकृतिको कृषि वस्तुको कारोवार सम्बन्धी कम्तिमा १ वर्ष अनुभव भएको । ख) आयोजनाले पहिचान गरेका क्लस्टर/पकेट क्षेत्रका कृषक समूह सहकारीहरूसंग सहकार्य गर्न ईच्छुक व्यापारी एवम् कृषि व्यवसायीहरू । | क) औपचारिक रूपमा दर्ता भई समान प्रकृतिको कृषि वस्तुको कारोवार सम्बन्धी कम्तिमा ३ वर्षको अनुभव भएको । ख) आयोजनाले पहिचान गरेका क्लस्टर/पकेट क्षेत्रका कृषक समूह । सहकारीहरूसंग सहकार्य गर्न ईच्छुक व्यापारी एवम् कृषि व्यवसायीहरू । |
| ३ | अधिकतम अनुदान सिमा | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरूको कूल लगानी रकमको ३०% वा पहाडमा बढिमा रू.९ लाखसम्म र तराईमा रू.८ लाखसम्म । | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरूको कूल लगानी रकमको ३० % वा बढिमा रू.१ लाख ५० हजारसम्म । | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरूको कूल लगानी रकमको ३०% वा बढिमा रू १५ लाखसम्म । | आयोजनाले निर्दिष्ट गरेका लगानीका क्रियाकलापहरूको कुल लगानी रकमको ३० % वा बढिमा रू.१ करोडसम्म । |
| ४ | लाभान्वित किसान संख्या | कम्तिमा २५ जना कृषक आवद्ध समूह वा सहकारी | कम्तिमा १५० जना कृषकहरूलाई सेवा पुर्‍याउनु पर्ने । | कम्तिमा १०० जना कृषकहरूका उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । | न्यूनतम ३३० जना कृषकहरूको उत्पादनको बजार सुनिश्चित हुनुपर्ने । |

**नोट:**

(१)समूह वा सहकारीले माथि उल्लेखित कुनै एक आपूर्ति श्रृंखलामा मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।

(२)खसी बोका आपूर्ति श्रृंखलातर्फ हाल प्रदेश नं.१ सम्बद्ध जिल्लाहरुका लागि मात्र आवेदन माग गरिएको छ ।

(३)आपूर्ति श्रृंखला सम्बद्ध सुचीकृत लगानीका क्षेत्र एवम् आवेदनका लागि योग्य उत्पादन क्लस्टरहरूको सूची आयोजनाको वेबसाईट rerp.moi.gov.np अन्तर्गत ToR मा समाविष्ट छ ।

(४)माथि ToR मा उल्लेखित पालिका तथा क्लस्टरहरू वाहेक सर्लाही र रौतहट जिल्लाका विभिन्न पालिकाहरूमा सञ्चालित JP-RWEE/IFAD द्वारा प्रवर्द्धित GALS कार्यक्रमसंग सम्बद्ध समूहहरूले Window -1 तथा खुला लगानी (Unlocking) अन्तर्गत आवेदन पेश गर्न सक्नेछन् ।

(५) Window-2 र Window -3 को हकमा यस पूर्व आयोजनामा EOI पेश गरिसकेको भए पुनः EOI पेश गर्नुपर्ने छैन ।

ख) Window-1 अन्तर्गत खुला लगानी (Unlocking Investment):

| क्षेत्रहरू | विवरण |
|---|---|
| आवेदकको न्युनतम योग्यता | आयोजनाले सूचीकृत गरेका उत्पादन क्लस्टर/पकेट क्षेत्रभित्र रहेको एक वा एक भन्दा बढि समूह वा सहकारीहरूले संयुक्त प्रस्ताव पेश गर्न पाउनेछन् । यस खुला लगानी क्षेत्रका लागि Window-1 मा प्रस्ताव पेश गर्ने समूह वा सहकारीले पनि प्रस्ताव पेश गर्न पाउनेछन् । |
| लगानीका लागि सम्भावित क्षेत्रहरू | सामूहिक लाभका क्षेत्रहरू जस्तैः साना सिंचाइका लागि कुलो, सिंचाई पोखरी, इनार, बोरिङ्ग, सोलार लिफ्ट सिंचाई, डिपिङ टैंक आदि), दुध सङ्कलनका लागि चिस्यान केन्द्र, माछा सङ्कलनको लागि सङ्कलन केन्द्र आदि । |
| अनुदानको सिमा र योग्यता | माथि उल्लेखित सामूहिक लाभका क्षेत्रहरूका लागि आवश्यक स्थीर र चालु खर्चहरूको कुल रकमको ५० प्रतिशत वा बढिमा रू. ५ लाखसम्म मात्र । आवेदकको योग्यता उत्पादक समूहका लागि माग गरिएको योग्यता अनुसार हुनु पर्नेछ । |
| लाभान्वित घरपरिवार संख्या | उत्पादक समूह वा सहकारीमा कम्तिमा २५ किसान घरपरिवार आवद्ध । |

आशय-पत्र पेश गर्ने अन्तिम मिति प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र २०७६।१२।१३ गते सम्म रहनेछ । यदि अन्तिम दिनमा सार्वजनिक विदा भए सोको भोलिपल्ट सम्म रहनेछ । आशय-पत्र (EOI) को ढाँचा र यसको विस्तृत ToR यस आयोजनाको वेबसाइट rerp.moi.gov.np मा उपलब्ध छ ।

आशय-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार समृद्धि आयोजनामा अन्तर्निहित हुनेछ । साथै यस सम्बन्धी थप जानकारी, आशय-पत्रको ढाँचाको प्राप्ति एवम् आशय-पत्र पेश गर्नका लागि यस आयोजनाका निम्नानुसार कार्यालयहरूमा सम्पर्क गर्न सकिनेछः

- प्रदेश १ अन्तर्गतका जिल्लाहरूका लागि कोशी-सगरमाथा करिडोर कार्यालय, धरान सुनसरी, शिद्धकाली चौक, फोन नं. ०२५-५२०७०३ र
- प्रदेश २ अन्तर्गतका जिल्लाहरू तथा सिन्धुली जिल्लाका लागि जनकपुर करिडोर कार्यालय, जनकपुरधाम-४, क्याम्पस चौक, धनुषा; मोवाइल नं.९८०१५६४९३७ ।